(आ.व. २०८२/०८३) वैठक नं.

आज मिति २०८३ साल जेठ ११ गते सोमवारका दिन हरिपुर नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | जयराम नेपाल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

प्रमाणित

मिति २०८३।०२।११

**मिति २०८३/०२/११ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।
२. आन्तरिक आय ठेक्का सम्वन्धमा ।
३. लखनदेही खोला र झिम खोला अनुगमन प्रतिवेदन सम्वन्धमा ।
४. आर्थिक सहयोग सम्वन्धमा ।
५. रग्वी खेलको अपुग रकम भुक्तानी सम्वन्धमा ।
६. सोनम ल्होसार कार्यक्रमको रकम भुक्तानी सम्वन्धमा ।
७. वडा नं. ४ को अधुरो योजनाको बजेट सम्वन्धमा ।
८. क्षयरोगका विरामीहरुलाई पोषण सहयोग सम्वन्धमा ।
९. विद्यालय व्यवस्थापन समितिको मनोनित सदस्यको मनोनयन बदर गर्ने सम्बन्धमा ।
१०. वडा नं. ५ असन्वाको पोल स्थानतरण सम्वन्धमा ।
११. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा यस नगरपालिका आ.व. २०८३।०८४ को लागी ठेक्का बन्दोवस्ती गरी आन्तरिक आय वृद्धि गर्नु पर्ने भएकोले यस नगरपालिका क्षेत्र भित्र पर्ने देहाएका गुदरी बजार, कवाडी संकलन तथा निकासीको आय ठेक्का लगाउन मिति २०८३।०२।०६ गते बसेको राजश्व परामर्श समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो

देहाए

| क्र.सं. | बजारको किसिम | चालु आ.व. को ठेक्का अंक (म.अ.कर सहित) | अगामी आ.व. को ठेक्का अंक (म.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | हरिपुर गुदरी बजार | २,६३,०००।०० (६ महिनाको लागि ठेक्का लगाएको) | ५,७८,६००।०० (१ वर्षको लागि ठेक्का लगाउने अंक) | चालु आ.व. को ठेक्का अंकमा १० प्रतिशत बृद्धि भएको |
| २ | लक्ष्मीपुर गुदरी बजार | २,९२,५००।०० | ३,२१,७५०।०० | |
| ३ | पिडारी गुदरी बजार | २,५५,०००।०० | २,८०,५००।०० | |
| ४ | मजुर्वा गुदरी बजार | १,७५,७८६।०० | १,९३,५००।०० | |
| ५ | चिताइन गुदरी बजार | ७६,०००।०० | ८३,६००।०० | |
| ६ | जडिबुटी, जिवजन्तु र कवाडी संकलन तथा निकासी | ९,७५,०००।०० | १०,७२,५००।०० | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

प्रमाणित

मिति २०८३।०२।११

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत आर्थिक वर्ष २०८२।०८३ मा लखनदेही खोला र झिम खोलाको नदीजन्य पदार्थ उत्खन्न तथा संकलन कार्य गर्न सम्झौता बमोजिम भए नभएको अनुगमन गर्न यस नगरपालिकाबाट मिति २०८३।०१। २७ र २८ गते गरिएको स्थलगत अनुगमनबाट देखिएको यथार्थ विवरण सहितको प्रतिवेदनलाई नगर कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८२।०८३ को पन्ध्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | टिका माया कार्की | २ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।१२।४ | २०८३।१।१४<br>च.नं. १६३१ | ६०००।०० |
| 2 | विजय कुमर | २ | हरिपुर | स्वास्थ्य उपचार | २०८३।०२।११ | २०८३।१।११<br>च.नं. १८४७ | १००००।०० |

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिकाको रग्बी महिला तथा पुरुष खेलाडीहरुलाई फिक्कल गाउँपालिका, फिक्कल, खांगसग, सिन्धुलीमा मिति २०८२ साल फागुन ३ र ४ गते सम्म शिखर ढकाल स्मृति यु १६ राष्ट्रिय रग्बी महिता तथा पुरुष प्रतियोगित-२०२६ मा सहभागि भई महिला पुरुष दुवै सहभागिहरुले तेस्रो स्थान हासिल गरेको र उक्त रग्बी खेलमा सहभागिहरुमा भएको खर्चमा अपुग रकम रु. ३००००।०० यस नगरपालिकाको आ.व. २०८२।०८३ को पन्ध्रौ नगरसभाको चालुगत खर्चको पेज नं. ५६ को सि.नं. १६१ मा विविध खर्च, खर्च शिर्षक २२७११ मा रकम रु. २००००००।०० विनियोजन भएको रकमबाट रकम रु. ३०,०००।०० यस नगरपालिकाको लेखा अधिकृत छैठौं श्री रंजित कुमार राय यादवलाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत २ नं. वडा कार्यालयको प.सं. २०८२।०८३, च.नं. १६३२, मिति २०८३।०१।१४ गतेको रकम भुक्तानी सम्वन्धको प्राप्त पत्रानुसार वडास्तरीय योजना खोलापारी सानो जगतपुर सोनाम ल्होसार ब्यवस्थापन खर्चमा रु. ३०००००।०० विनियोजन भएको कार्यक्रममा खोलापारी सानो जगतपुर सोनाम ल्होसार ब्यवस्थापन खर्च आयोजक समिति हरिपुर-२, सर्लाहीले उक्त कार्यक्रम संचालन गरी सम्पन्न भएकोले उक्त उपभोक्ता समितलाई सोनाम ल्होसार ब्यवस्थापन खर्च रकम भुक्तानी गर्ने निर्णय गरियो ।

मिति २०८३।०२।११

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत ४ नं. वडा कार्यालयको प.सं. २०८२।०८३, च.नं. १०६७, मिति २०८३।०१।१४ गतेको अधुरो योजनाको बजेट माग सम्वन्धको प्राप्त पत्रानुसार प्रदेश स्तरीय योजना वडा नं. ४ मा रहेको रज्वव चौरीमा डिप बोरिंग तथा पोल जडान कार्यमा प्राविधिक लागत अनुमान अनुसार बोडिंग जडान कार्य भईसकेको र थप कार्य गर्नुपर्ने योजना अधुरो देखिएको हुँदा यस नगरपालिकाको १६ औ नगरसभाको सि.नं. ६८ मा वडा नं. ३ र ४ को अधुरो डिप बोडिंग व्यवस्थापन कार्यको खर्च शिर्षक नं. ३११५९ मा रकम रु. १००००००।०० विनियोजन भएको रकमबाट वडा नं. ४ को विद्युतिकरणको लागि रकम रु. ५०००००।०० विनियोजन गर्ने र वडा नं. ३ लाई बाँकी रकम ५०००००।०० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत निदान भएका डिएस विरामीलाई पोषण सहयोग क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७८ अनुसार स्थानीय तहले डिएस क्षयरोगका विरामीलाई छ (६) महिना प्रतिब्यक्ती प्रतिमहिनाको लागि रकम रु. ३०००।०० सम्मको फुड बास्केटको व्यवस्था भए अनुसार संघीय सशर्तबाट अपुग रकम हुने भएकोले यस नगरपालिकाको पन्ध्रौ नगरसभाको चालुगत खर्च पेज नं. ५४ को सि.नं. १२८ मा क्षयरोग मुक्त घोषणा अभियान कार्यक्रमको खर्च शिर्षक नं. २२५२९ मा रकम रु. ६०००००।०० विनियोजन भएको रकम मध्ये रु. ५००।०० का दरले प्रति ब्यक्ति प्रति महिनाको दरले ६ महिना सम्म रकम रु. ३०००।०० भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा नेपालको संविधान २०७२ को अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकार सूची अन्तरगत आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्बन्धी अधिकार स्थानीय तहको अधिकार क्षेत्र अन्तरगत रहेको, नेपालको संविधानको धारा २२६ मा गाँउ सभा र नगरसभाले आफूलाई प्राप्त अनुसूची- ८ र अनुसूची- ९ बमोजिमको सूचीमा उल्लेखित विषयमा आवश्यक कानून बनाउन सक्ने व्यवस्था रहेको, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (ज) को बुँदा नं ७ मा विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन गर्ने स्थानीय तहको अधिकार अन्तरगत रहेको व्यवस्था तथा यस नगरपालिका अन्तरगतका विद्यालयहरु व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि हरिपुर नगरपालिकाले जारी गरेको हरिपुर नगरपालिकाको शिक्षा ऐन २०७६ को दफा १२ को उपदफा १ बमोजिम यस नगरपालिका अन्तरगतका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन भई कामकाज हुदै आएकोमा केहि नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश,२०८३ ले शिक्षा ऐन, २०२८ मा समेत गरेको संशोधन बमोजिम शिक्षा ऐन, २०२८ को दफा १२ को उपदफा १ को खण्ड (ग) मा रहेको व्यवस्था झिकिएको अवस्थामा संघीय कानूनसंग बाँझिएको कारण उत्पन्न हुन सक्ने जटिलता एवम् बाधालाई हरिपुर नगरपालिकाको शिक्षा ऐन २०७६ को दफा ४० मा रहेको बाधा अड्काउ हटाउने अधिकारको प्रयोग गरि यस नगरपालिकाबाट शिक्षा ऐन, २०७६ को दफा १२ को उपदफा १ को खण्ड (ग) बमोजिम मनोनित भएका सदस्यहरुको मनोनयन बदर गर्ने तथा सो को जानकारी सरोकारवालालाई यथाशीघ्र दिने निर्णय गरियो ।

प्रस्ताव नं. १० मा छलफल गर्दा यस नगरपालिका वडा नं. ५ को असन्वामा ढलान सडकमा पोल रहेकोले उक्त पोल अन्यत्र स्थानतरण गर्न विद्युत प्राधिकरणको लागत अनुमान अनुसारको रकम यस नगरपालिकाको १५ औं र १६ औ नगरसभामा विनियोजित रकम नगरभरी मर्मत सम्भार खर्च शिर्षकबाट खर्च हुने गरी विद्युतको पोल स्थान्तरण गर्ने निर्णय गरियो ।